# महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७९ र बेरुजु रकमको अवस्था

महालेखा परीक्षकको कार्यालय एक संवैधानिक निकाय र लेखापरीक्षण गर्ने नेपालको सर्वोच्च संस्था हो, जुन नेपालको संविधान, २०१५ र लेखा परीक्षण ऐन २०१९ द्वारा निर्देशित छ। नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोमातहतको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाली प्रहरी र सशस्त्र प्रहरी बललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था छ।

महालेखा परीक्षकको प्रतिवेदनले अन्य कुराहरूक अलावा सरकारी निकायमा देखिएको बेरुजु रकमसमेत औँल्याउने काम गर्छ। प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको विषयलाई चलनचल्तीको भाषामा बेरुजु भन्ने गरिएको छ।

## लेखा परीक्षण विवरण २०७९


- लेखा परीक्षण भएको कुल सरकारी निकायको संख्याः **६५४६**
- लेखा परीक्षण भएको कुल रकमः रु. **७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाख**
- सङ्घ, प्रदेश र स्थानीय तहको (एकमुस्ट) बेरुजु कायम रकम: रु. **१ खर्ब ३८ अर्ब १७ करोड**
- प्रत्यक वर्ष सञ्चित हुँदै आएको कुल कारबाहीको टुङ्गो लगाउनुपर्ने बेरुजु रकमः **रु ९ खर्ब ६० अर्ब**

## १. आ.व. २०७८/०७९ मा लेखा परीक्षण गरिएका निकायहरूको विवरण

| **निकाय** | **जम्मा निकायहरू** | **लेखा परीक्षणको रकम** | **बेरुजु रकम** | **जम्मा रकमको बेरुजु (प्रतिशतमा)** |
|---|---|---|---|---|
| संघीय सरकार | ४०३८ | रु. २३ खर्ब ५६ अर्ब ३४ करोड | रु. ५६ अर्ब ३१ करोड | **२.३९%** |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश सरकार | १२१८ | रु. ३ खर्ब १२ अर्ब ७३ करोड | रु. ७ अर्ब २० करोड | **२.३०%** |
| स्थानीय तह | ७५१ (७४९ र बक्यौता २ ) | रु. ११ खर्ब ४ अर्ब १ करोड | रु. ४२ अर्ब ८८ करोड | **३.८८%** |
| समिति र अन्य संस्था तथा संगठित संस्था (७५) समेत | ५०९ | रु. ३३ खर्ब ६५ अर्ब ९ करोड | रु. १३ अर्ब ३८ करोड | **०.४०%** |

### १.१ विगत ५ आर्थिक वर्षको बेरुजु




## २. प्रदेश आम्दानी र खर्च (आव २०७८/०७९ )

निम्न आम्दानी प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम हो र सोही आम्दानीबाट गरिएको खर्च हो |

| आम्दानी | खर्च | खर्च प्रतिशत |
|---|---|---|
| रु. २ खर्ब ३७ अर्ब ६६ करोड १३ लाख | रु. १ खर्ब ८७ अर्ब ४७ करोड ९७ लाख | ७८.८८ % |

## २.१ प्रदेशगत आम्दानीअन्तर्गत खर्च (आव २०७८/०७९ )

| प्रदेश | खर्च |
|---|---|
| कोसी प्रदेश | रु. २९ अर्ब ९६ करोड ६४ लाख |
| मधेस प्रदेश | रु. २२ अर्ब २६ करोड ५ लाख |
| बागमती प्रदेश | रु. ३७ अर्ब ९९ करोड ५० लाख |
| गण्डकी प्रदेश | रु. २२ अर्ब ४ करोड ३९ लाख |
| लुम्बिनी प्रदेश | रु. ३० अर्ब ५ करोड ४७ लाख |
| कर्णाली प्रदेश | रु. २४ अर्ब २८ करोड १९लाख |
| सुदूरपश्चिम प्रदेश | रु. २० अर्ब ८७ करोड ७४ लाख |


# २.२ प्रदेश बजेट र खर्च

प्रदेश सभाबाट स्वीकृत भएको २०७८/०७९ को बजेट र प्रदेशले त्यस वर्ष गरेको खर्च


(रु. लाखमा)


| प्रदेश | बजेट | बजेटको खर्च (चालू तथा पुँजीगत) | खर्च प्रतिशत |
|---|---|---|---|
| कोसी प्रदेश | ३४,७६,०९ | २९,९६,६४ | ८६.२१% |
| मधेस प्रदेश | ३४,८८,७८ | २२,२६,०४ | ६३.८१% |
| बागमती प्रदेश | ४९,१८,६२ | ३७,९९,५० | ७७.२५% |
| गण्डकी प्रदेश | ३१,३५,२९ | २२,०४,३९ | ७0.३१% |
| लुम्बिनी प्रदेश | ४०,९५,९७ | ३०,०५,४७ | ७३.३८% |
| कर्णाली प्रदेश | ३६,५४,६६ | २४,२८,१९ | ६६.४४% |
| सुदूरपश्चिम प्रदेश | ३१,४७,५७ | २०.८७,७४ | ६६.३३% |
| **जम्मा** | **२,५९,१६,९८** | **१,८७,४७,९७** | **७२.३४%** |

## २.३ प्रदेश बेरुजु विवरण




# ३. महानगरपालिकाको र उप-महानगरपालिकाको बेरुजु विवरण



## 4. नगरपालिका तथा गाउँपालिकाको बेरुजु

लेखा परीक्षण गरिएका सम्पूर्ण नगरपालिका तथा गाउँपालिकामध्ये, प्रत्येक प्रदेशअन्तर्गत स्थानीय तहहरूको अधिकतम तथा न्यूनतम ( २-२ वटा) बेरुजु प्रतिशत मात्र निम्न तालिकामा उल्लेख गरिएको छ |

| प्रदेश | जिल्ला | स्थानीय तह | न्यून बेरुजु प्रतिशत | अधिकतम बेरुजु प्रतिशत |
|---|---|---|---|---|
| कोसी | तेह्रथुम | आठराई गाउँपालिका | - | २०.३१% |
| कोसी | झापा | अर्जुनधारा नगरपालिका | - | १९.४२% |
| कोसी | पाँचथर | याङवरक गाउँपालिका | ०% | - |
| कोसी | भोजपुर- | षडानन्द नगरपालिका | ०.२१% | - |
| मधेस | महोत्तरी | बलवा नगरपालिका | - | १९.३६% |
| मधेस | महोत्तरी | मटिहानी नगरपालिका | - | १६.०६% |
| मधेस | बारा | परवानीपुर गाउँपालिका | ०.९९% | - |
| मधेस | सर्लाही | लालबन्दी नगरपालिका | १.२२% | - |
| बागमती | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | | ११.२९% |
| बागमती | रसुवा | आमाछोदिङमो गाउँपालिका | | ९.३८% |
| बागमती | सिन्धुपाल्चोक | भोटेकोसी गाउँपालिका | ०.२१% | - |
| बागमती | काठमाडौँ | नागार्जुन नगरपालिका | ०.२२% | - |
| गण्डकी | म्याग्दी | मालिका गाउँपालिका | - | १८.३३% |
| गण्डकी | म्याग्दी | धवलागिरी गाउँपालिका | - | १२.३२% |
| गण्डकी | बाग्लुङ | गल्कोट नगरपालिका | ०.०८% | - |
| गण्डकी | मुस्ताङ | लोमान्थाङ गाउँपालिका | ०.१९% | - |
| लुम्बिनी | कपिलवस्तु | मायादेवी गाउँपालिका | - | १२.३२% |
| लुम्बिनी | रोल्पा | थबाङ गाउँपालिका | - | ७.३४% |

| | | | | |
|---|---|---|---|---|
| लुम्बिनी | प्युठान | सरुमारानी गाउँपालिका | ०% | - |
| लुम्बिनी | प्युठान | मल्लरानी गाउँपालिका | ०% | - |
| कर्णाली | दैलेख | गुराँस गाउँपालिका | - | १४.७२% |
| कर्णाली | जुम्ला | हिमा गाउँपालिका | - | १३.६३% |
| कर्णाली | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका | ०.३१% | - |
| कर्णाली | हुम्ला | सिमकोट गाउँपालिका | ०.४४% | - |
| सुदूरपश्चिम | दार्चुला | शैल्यशिखर  नगरपालिका | - | ११.९१% |
| सुदूरपश्चिम | अछाम | ढकारी गाउँपालिका | - | ९.३१% |
| सुदूरपश्चिम | अछाम | बान्नीगढी जयगढ गाउँपालिका | ०.९४% | - |
| सुदूरपश्चिम | कैलाली | घोडाघोडी नगरपालिका | १.१६% | - |

## स्रोत:

**महालेखा परीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन २०७९**

**Published by: Centre for Social Change**

**May 2023**

**Website: socialchange.org.np**

**Website: gmcnepal.org**

**Email: contact@socialchange.org.np**